रैनादेवी छहरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

छहरा, पाल्पा

☎ ०७५-६९१०२५

च.नं.११६३

प.स.२०७७/२०७८

मिति :-२०७७/१०/२०

विषय:- दिवा खाजा व्यवस्थापन सम्बन्धी निर्देशन ।

श्री रैनादेवी छहरा गाउँपालिकाका
सम्पूर्ण सामुदायिक विद्यालयहरु ।

प्रस्तुत विषयमा चालु आ.ब. ०७७।०७८ मा यस गाउपालिकालाई विद्यालय क्षेत्र विकास योजना अन्तरगत प्राप्त कार्यक्रममा प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म अध्ययनरत सबै बालबालिकाहरुका लागि दिवा खाजा व्यवस्थापन गर्न प्रति विद्यार्थी दैनिक रु.१५ का दरले नियमित पठनपाठन भएका दिन(बढीमा १८० दिन) का लागि दिवा खाजा सम्बन्धित विद्यालयहरुले व्यवस्थापन गर्ने नीतिगत व्यवस्था रहेको अनुरोध छ । सो का लागि यस गा.पा. अन्तर्गतका सामुदायिक विद्यालयहरुले प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई देहाय अनुसार दिवा खाजाको आवश्यक व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

तपसिल

१. विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत ) को उपस्थितिका आधारमा प्रति विद्यार्थी रु. १५ का दरले खाजा व्यवस्थापन गरि सो को सोधभर्ना गाउँपालिकामा माग गर्ने । वडा शिक्षा समितिको सिफरिस सहित उक्त कागजात र हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षबाट प्रमाणित गराई पठाउने ।

२. दिवा खाजा व्यवस्थापन निम्न मापदण्ड र गुणस्तरको आधारमा व्यवस्था मिलाउनुहुन ।

क) दिवा खाजाको सन्दर्भ .

खाना भोक हटाउन मात्र नभई शरीरलाई आवश्यक पर्ने सुक्ष्म पोषण तत्व र वृहतपोषण तत्व आपुर्तिको लागि अत्यावस्यक हुन्छ । निर्धारित मात्रामा आबस्यक पोषकतत्व भएको स्वच्छ खाना स्वस्थ्यकर मानिन्छ। स्वस्थ्यकर खानाले शारीरिक स्वास्थ्य कायम गर्न सहयोग गर्ने भएकोले खाना पोषक तत्वयुक्त सफा र स्वच्छ हुनुपर्दछ । खानामा उपलब्ध हुनुपर्ने पोषकतत्वको मात्राको राष्ट्रिय मापदण्ड निर्धारण गरी सो मापदण्ड अनुरुपका खाना मात्र उपलब्ध गराउने प्रचलन संसारका धेरै देशहरुमा छ । विश्व स्वास्थ्य संगठनले ४ देखि १० वर्ष उमेर समुहका बालबालिकाको उपभोग्य खानामा उपलब्ध हुनुपर्ने वृहद पोषक तत्व (क्यालेरी प्रोटिन र फ्याट) र सुक्ष्मपोषक तत्व (आयोडिन आइरन जिङ्क भिटामिन ए र बि ) को मात्रा र सो मध्ये दिवा खाजाबाट आपुर्ति हुनुपर्ने पोषक तत्वको मात्रा निर्धारण गरेको छ। सामान्यतया ४-९ उमेर समुहका बालबालिकाको उपभोग्य खाना तथा खाजा उपलब्ध हुनुपर्ने वृहद र सुक्ष्म पोषक तत्वको मात्रा सहितको दिवा खाजाको पोषणस्तरको मापदण्ड अनुसारको अपनाउन हुन अनुरोध छ।

## दिवा खाजा कार्यक्रम व्यवस्थापनको तरिका :

- विद्यालय व्यवस्थापन समितिको निणर्य अनुसार खाजा व्यवस्थापन समिति वा अभिभावक आमा समुह मार्फत खाजा खुवाउने व्यवस्था मिलाउने ।

# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश, नेपाल
## छहरा, पाल्पा

च.नं. ११६३
प.स.२०७७/२०७८

☎ ०७५-६९१०२५

- विद्यालयमा विद्यार्थिको दैनिक रुपमा उपस्थिति संख्याका आधारमा प्रति विद्यार्थी रु.१५ का दरले खाजा व्यवस्थापन खर्च लेख्ने ।
- मासिक हाजिरी अभिलेखको प्रमाणित प्रतिलिपि (वि.व्य.स.अध्यक्ष र प्र.अ. बाट) सहित त्रैमासिक रुपमा रकम निकासाका लागि विद्यालयले माग गर्नुपर्ने ।
- न्युन (**बाल विकास केन्द्र देखि कक्षा ५ सम्म ३० जना भन्दा कम** ) विद्यार्थी सङ्ख्या भएका विद्यालयमा दिवा खाजा विद्यालयमै तयार गर्न कठिनाई हुने अवस्था भएमा कक्षाका बालबालिकालाई आवश्यक पर्ने मात्रा,स्वच्छता र पोषणतत्वयुक्त हुने गरी दिवाखाजा घरबाटै तयार गरी पठाउने व्यवस्था मिलाउन सकिनेछ । विद्यार्थीले घरबाट ल्याएको खाजा नियमितता र गुणस्तर अनुगमन विद्यालयबाट गर्ने व्यवस्था मिलाउने । यस कार्यका लागि तोकिएको प्रति विद्यार्थी लागत अनुदान विद्यालयले सम्बन्धित विद्यार्थीको अभिभावकलाई उपलब्ध गरनउने ।

लिलामणी बस्याल
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री वडा शिक्षा समिति ८ वटै :

आ-आफ्नो वडामा संचालित सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रमको उपरोक्त मापदण्ड अनुसार गरे नगरेको नियमित अनुगमन गर्न र भूक्तानीका लागि सिफारिस गर्नु हुन ।

रकम निकासाका लागि विद्यालयको लेटरप्याडमा देहायको ढाचाँलाई अनुसरण गर्ने ।

मितिः

**विषय : दिवा खाजा कार्यक्रमको खर्च रकम निकासा गरिदिनुहुन।**

श्री रैनादेवी छहरा गाँउपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा,
रैनादेवी, पाल्पा

प्रस्तुत विषयमा २०७७ साल ................. महिना देखि ......महिना सम्मको बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीलाई विद्यालयले दिवा खाजा व्यवस्थापन गर्दा नियमानुसार खर्च भएको रकम रु............निकासा गरिदिनुहुन आवश्यक कागजात सहित पेश गरेको व्यहोरा अनुरोध छ ।

- स्थानिय स्तरमा उत्पालन हुने खाद्यान्नको प्रयोगमा प्राथमिकता दिई विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने ।
- वि.व्य.स ले खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउने ।
- दिवा खाजामा देहाय अनुसारको आवस्यक मात्रा,स्वच्छता र पोषक तत्वको सुनिस्चितता गर्ने ।

  - कार्वोहाईडेट समुह (शक्ति दिने ) जस्तै : चामल,गहुं ,मकै, कोदो,फापर,जौ,आलु,तरुल सखरखण्ड आदि ।
  - प्रोटिन समुह (शारिरिक विकासगर्ने ) जस्तै : भटमास,सिमि, केरउ,चना,गेडागुडी,माछा,मासु, अण्डा
  - मिनरल समुह (शक्ति दिने प्रतिरक्षात्मक) जस्तै: हरिया सागपात अन्य हरिया तरकारिहरु,स्याउ,सुन्तला जुनार नास्पाती,केरा जस्ता फलफुलहरु,घ्यु,तेल,नौनी,दुध,दही आदि ।
- मांसाहारी खाजा सुची तयारी र सार्वजनिक गरि सोहि अनुसार खाजा व्यवस्थापन गर्नुपर्नेछ ।

## ३. विद्यालय व्यस्थापन समितिको भुमिका :

विद्यालय व्यवस्थापनको मुख्य जिम्मेवारी कानुनी रुपमै विद्यालय व्यवस्थापन समितिको हुने भएकोले मापदण्ड अनुसारको गुणस्तरीय खाजा उपलब्ध गराउने जिम्मेवारी पनि विद्यालय व्यवस्थापन समितिको हुनेछ । समितिको जिम्मेवारी निम्नानुसार हुनेछ :

- विद्यालय दिवा खाजा कार्यक्रमको कार्ययोजना निर्माण गर्ने सो अनुरुप कार्यान्यन गर्ने ।
- विद्यालयमा तोकिएको मापदण्ड अनुरुपको मात्रा ,स्वच्छता र पोषक तत्वयुक्त दिवा खाजा व्यवस्थापनको सुनिचितता गर्ने ।
- खाजा तयारी व्यवस्थापन तथा रेखदेखमा अभिभावक आमाहरुको संलग्नता सुनिश्चितता गर्ने ।
- विद्यालय दिवा खाजाको अभिलेख राख्ने र राख्न लगाउने ।
- शिक्षण सिकाईको समय न्युन हुन नदिन खाजा तयारी तथा व्यवस्थापनमा शिक्षक संलग्नतालाई सकभर हटाउने ।
- स्थानीय कृषि उत्पादनबाट दिवा खाजाका लागि आवश्यक खाद्य सामग्री उपलब्ध हुने व्यवस्था मिलाउने
- दिवा खाजा व्यवस्थापनमा देखापरेका समस्या पहिचान गरी समाधानका उपाय अवलम्बन गर्ने ।
- प्रत्येक शैक्षिक सत्र प्रारम्भ हुनुपुर्व दिवा खाजा व्यवस्थापन तथा कार्यान्यनको सम्बन्धमा खाजा व्यवस्थापन समिति /अभिभावक आमा समुह र शिक्षक स्टाफ बीच समीक्षा गरी प्रतिवेदन र वार्षिक कार्ययोजना निंमाण गर्न लगाउने ।

४) जुनसुकै मोडेलबाट दिवा खाजा व्यवस्थापन गराए पनि विद्यालयमा चाउचाउ,विस्कुट लगायत प्याकेटमा आउने कुनै पनि किसिमका खाना दिवा खाजाको रुपमा प्रयोग गर्न पाईने छैन ।

५) विद्यालयले दिवा खाजा रकम निकासा तथा सोधभर्ना देहाय अनुसार माग गर्ने ।

# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश, नेपाल
## छहरा, पाल्पा

च.नं. ११६३
प.स. २०७७/२०७८

☎ ०७५-६९१०२४


तपसिल

| कक्षा | विद्यार्थी संख्या | विद्यार्थी कूल हाजिरी दिन | | | | दर रु (१५) | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | .... महिना | .... महिना | ......महिना | जम्मा हाजिरी | | | |
| बालविकास | | | | | | | | |
| कक्षा १ | | | | | | | | |
| कक्षा २ | | | | | | | | |
| कक्षा ३ | | | | | | | | |
| कक्षा ४ | | | | | | | | |
| कक्षा ५ | | | | | | | | |
| | | | | | | | | |

*नोट : उल्लेखित महिनाको विद्यार्थी हाजिरी रजिष्टरको प्रमाणित प्रतिलिपि संलग्न छ ।*

...................
वि.व्य.स.अध्यक्ष

...................
प्रधानाध्यापक

निमित्त प्रमुख प्रशासकीय अधिकृत